# संघीय संसद
# प्रतिनिधि सभा
# अन्तर्राष्ट्रिय सम्बन्ध समिति

**बैठक संख्या: ७९**
**(मिति: २०७९/०४/११)**

**विषय:-**

१. अमेरिकी राज्य साझेदारी कार्यक्रम (State Partnership Program) का सम्बन्धमा।
२. भूतपूर्व सिंगापुर गोर्खाहरुको मुद्दाका सम्बन्धमा।
३. विविध।

**छलफल तथा निर्णय:-**

समितिको आजको बैठकमा अमेरिकी राज्य साझेदारी कार्यक्रम (State Partnership Program) एवं विविध विषयका सम्बन्धमा छलफल भयो। छलफलका क्रममा माननीय सदस्यहरुले अमेरिकी राज्य साझेदारी कार्यक्रम (State Partnership Program - SPP) मा नेपाल संलग्न नहुने सम्बन्धमा हालसम्म पनि अमेरिकालाई पत्राचार नभएको, SPP सम्बन्धमा नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरुसँग माग गरिएका सबै कागजात/ विवरणहरु समितिमा उपलब्ध नगराइएको, नेपाली सेनाका प्रधान सेनापतिको अष्ट्रेलिया भ्रमण, नेपाली नर्सहरुलाई रोजगारीका लागि बेलायत पठाउने सम्बन्धमा नेपाल सरकारले गरेको भनिएको सम्झौता लगायतका विषयहरुमा आफ्ना धारणाहरु राख्नुभयो।

साथै बैठकमा यस समिति अन्तर्गत गठित विश्व सम्पदा सूचीकृत सांस्कृतिक क्षेत्र अध्ययन तथा अनुगमन उपसमितिका संयोजक मा. श्री सुजिता शाक्यले उपसमितिको प्रतिवेदन समिति समक्ष पेश गर्नुभयो।

समितिको आजको बैठकबाट देहाय बमोजिमका निर्णयहरु भए:

१. अमेरिकी राज्य साझेदारी कार्यक्रम (State Partnership Program - SPP) मा नेपाल संलग्न नहुने कुरा स्पष्ट रुपमा औपचारिक किसिमले अमेरिकालाई पत्र पठाई अवगत गराउन यस समितिले यस अघि नै नेपाल सरकार, परराष्ट्र मन्त्रालयलाई निर्देशन दिइसकेको साथै उक्त कार्यक्रम (SPP) लाई अघि नबढाउने गरी नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०७९/०३/०६ मा निर्णय भएको र सो सम्बन्धमा नेपाल सरकारको धारणा संसद् समक्ष समेत व्यक्त भइसकेको सन्दर्भमा हालसम्म पनि नेपाल सरकारले अमेरिकी राज्य साझेदारी कार्यक्रम (SPP) मा नेपाल संलग्न नहुने कुरा औपचारिक

किसिमले संयुक्त राज्य अमेरिकालाई अवगत गराउन पत्राचार नगर्नुको कारण यस समिति समक्ष पेश गर्न नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्देशन दिने,

२. अमेरिकी राज्य साझेदारी कार्यक्रम (SPP) का सम्बन्धमा संयुक्त राज्य अमेरिका र नेपाल सरकारको रक्षा मन्त्रालय, परराष्ट्र मन्त्रालय तथा नेपाली सेनाबीच विभिन्न समयमा आदान-प्रदान भएका पत्राचार, सहमति, समझदारी, प्रस्ताव र अन्य सबै प्रकारका लिखतहरुको प्रतिलिपि, सो कार्यक्रम अन्तर्गत हालसम्म भए गरेका काम, सञ्चालन गरिएका कार्यक्रम, प्राप्त सहयोग तथा अब गरिने भनी तय भए गरिएका कार्यक्रम, कार्ययोजना वा सहयोगको विवरण तथा सो कार्यक्रमका सम्बन्धमा मिति २०७९/०३/०६ मा नेपाल सरकार मन्त्रिपरिषद्ले गरेका निर्णयहरुको प्रतिलिपि यस समितिमा उपलब्ध गराउन मिति २०७९/०३/१६ गते परराष्ट्र मन्त्रालय र रक्षा मन्त्रालयमा पत्राचार गरिएकोमा माग गरिए बमोजिमका सबै कागजात/ विवरणहरु समितिमा उपलब्ध नभएकोले उल्लेखित सबै कागजात/ विवरणहरु समितिमा अबिलम्ब उपलब्ध गराउन पुन: निर्देशन दिने,

३. नेपाली सेनाका प्रधान सेनापतिको हालसालै अष्ट्रेलियामा सम्पन्न सुरक्षा सम्मेलनमा सहभागिताका क्रममा को को सहभागी थिए, उक्त सम्मेलनको उद्देश्य के थियो, कसले आयोजना गरेको थियो, सम्मेलनमा कुन कुन देश सहभागी भएका थिए, सम्मेलनमा के के विषयमा छलफल भएको थियो, सम्मेलनले के घोषणा गऱ्यो लगायत भ्रमण सम्बन्धी विस्तृत विवरण रक्षा मन्त्रालय र परराष्ट्र मन्त्रालयसँग माग गर्ने,

४. नेपाली नर्सहरुलाई रोजगारीका लागि बेलायत पठाउने सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषद्ले निर्णय गरेको भन्ने सार्वजनिक भएकोले सो निर्णय तथा संयुक्त अधिराज्यसँग तत्सम्बन्धमा हुन लागेको सहमति वा सम्झौताको प्रतिलिपि यस समितिलाई उपलब्ध गराउन नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्देशन दिने।

तत्पश्चात् समितिको अर्को बैठक मिति २०७९/०४/१२ गते दिउँसो १:०० बजे बस्ने गरी आजको बैठक स्थगित भयो।